# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८२ | काठमाडौं | बिहीबार, २४ माघ २०८१ | Prabhab National Daily | Thursday, February 06, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## थुनछेक बहस नसकिँदा रवि हिरासतमा

### संगठित अपराधको मुद्दा नलगाउँदा न्यायाधिवक्ता छानबिनमा

- रवि लामिछानेविरूद्ध संगठित अपराधको मुद्दा नचलाएसँगै चितवनका न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेल काठमाडौं तानिए
- लुइँटेलको नियतमाथि प्रश्न गर्दै महान्यायाधिवक्ताको कार्यालयले बनायो चार सदस्यीय छानबिन समिति
- बुधबार थुनछेक बहस नसकिएपछि लामिछानेलाई न्यायिक हिरासतमा राख्न चितवन प्रहरीलाई जिम्मा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने पुनः न्यायिक हिसातमा पुगेका छन्। साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेको अभियोगमा थुनछेक बहस नसकिँदा बुधबार जिल्ला अदालत चितवनले लामिछानेलाई न्यायिक हिरासत पठाउने आदेश दिएको हो।

लामिछानेलाई हिरासतमा पठाउने निर्णय हुँदा जिल्ला अदालत चितवन बाहिर भने उनका समर्थकले नाराबाजी गरेका थिए। लामिछानेको समर्थनमा उत्रिएका समर्थकले कांग्रेस महामन्त्री गगन थापाविरुद्ध नाराबाजी गरेका थिए। रास्वपाका नेता हरि ढकालले भने अदालतको आदेशलाई पार्टीले सम्मान गर्ने प्रतिक्रिया दिए। 'सभापतिजीले इतिहासमा दर्ज हुने गरी अदालतको प्रक्रियालाई सहजीकरण गरिदिनुभएको छ। पार्टीले अदालतको फैसलालाई सम्मान गरेको छ,' उनले भने।

बुधबार बिहान आफैं अदालत उपस्थित भएका लामिछानेको बयान सकिएलगत्तै थुनछेक बहस सुरू गरिएको थियो। वादीका तर्फबाट जिल्ला न्यायाधिवक्ता रवि न्यौपाने, सहन्यायाधिवक्ता अमृत सुवेदी र बुद्धबहादुर थापाले बहस गरेका थिए। जाहेरवालाका तर्फबाट अधिवक्ता रमेश काफ्लेको बहस सकिएपछि थुनछेक बहस स्थगित भएको थियो।


क्रमशः पृष्ठ २ मा


### छानबिनमा तानिए न्यायाधिवक्ता लुइँटेल

कास्की, काठमाडौं र रूपन्देहीमा संगठित अपराधमा मुद्दा चलाए पनि लामिछानेविरुद्ध सरकारी वकिलको कार्यालय चितवनले ठगी मुद्दामात्र दायर गरेको छ। सरकारी वकिलको कार्यालयले संगठित मुद्दा नचलाएसँगै चितवनका न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेल काठमाडौं तानिएका छन्।

लुइँटेललाई मंगलबार नै महान्यायाधिवक्ताको कार्यालयले काठमाडौं तानेको हो। उनको ठाउँमा बुटवलमा कार्यरत रवि न्यौपानेलाई पठाइएको छ। योसँगै लुइँटेलको नियतमाथि प्रश्न गर्दै महान्यायाधिवक्ताको कार्यालयले छानबिन समिति नै गठन गरी छानबिन सुरु गरेको छ। नायव महान्यायाधिवक्ता गोपालप्रसाद रिजालको नेतृत्वमा गठन भएको चार सदस्यीय समितिमा सहन्यायाधिवक्ता सूर्यराज दाहाल, सरकारी वकिल कार्यालय हेटौंडाका सहन्यायाधिवक्ता ईश्वरीप्रसाद ढकाल, महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता रुद्रप्रसाद आचार्य सदस्य रहेका छन्।

लामिछानेको एकल दस्तखतबाट ८१४ वटा चेक काटेको र सोमार्फत ४८ करोड ५८ लाख २२ हजार २४६ रूपैयाँ भुक्तानी भएको बैंक स्टेटमेन्ट र चेक विवरणबाट पुष्टि अभियोगपत्रमा उल्लेख छ। अभियोगपत्रमा लामिछानेले उनकी पत्नी नीकिता पौडेललाई करिब ६० लाख रूपैयाँ भुक्तानी गरेको देखाएको छ। यसैगरी उनले गोपीकृष्ण मुभिजको नाममा ८१ लाख रूपैयाँभन्दा बढी रकम भुक्तानी गरेको अभियोगमा उल्लेख छ। गोपीकृष्ण मुभिज लामिछानेका ससुराली उद्धव पौडेलको हो। यसैगरी लामिछानेले गोरखा मिडियामा संलग्न हुनुपूर्व र पछि पनि चेकमा हस्ताक्षर गरेको भेटिएको अभियोगपत्रमा उल्लेख छ।

## अध्यादेश पारित गर्न सत्तापक्षलाई सुविधाजनक बहुमत

- छ वटा अध्यादेश निर्णयार्थ प्रस्तुत गरिने
- आलोचनात्मक समर्थन गर्दै अध्यादेशको पक्षमा उभिने जसपा नेपालको निर्णय
- प्रतिनिधिसभामा बहुमत भएको सत्तापक्षलाई जसपाको साथ पाउँदा राष्ट्रियसभामा पनि बहुमत
- विपक्षी नेता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले बैठकलाई सम्बोधन गर्ने



■ **जेबी योञ्जन**

**काठमाडौं–** सत्तापक्षीय दलहरूले प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैबाट सबै अध्यादेश पारित हुने विश्वास लिएका छन्। दुवै सदनमा यसअघि नै सरकारले अध्यादेशहरू टेबुल गरिसकेको छ। आज बस्ने बैठकमा ती अध्यादेशहरू स्वीकृतिका लागि प्रस्ताव निर्णयार्थ पेस गरिने र बहुमतले पारित हुने विश्वास सत्तापक्षीय दलहरूले गरेका हुन्।

चालु हिउँदे अधिवेशनको पहिलो दिन यही १८ माघमा सरकारले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश-२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश-२०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ बैठकमा पेस गरेको थियो।

सत्ता नेतृत्व दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले अध्यादेश पारित हुनेगरी आजको सदनको कार्यसूची र प्रक्रिया अघि बढ्ने बताए। उनले सत्तापक्षमा रहेका सबै राजनीतिक दल सरकारले लिने निर्णय, कार्यक्रम र जारी भएका अध्यादेशको पक्षमा उभिने कुरामा विश्वस्त रहेको बताए।

उनले प्रभावसँग भने, 'सरकार पक्षमा रहेका राजनीतिक दलबीच कुनै बेमेल छैन, सबै दलहरू एक ठाउँमा छौं, हाम्रो प्रतिनिधिसभामा पनि बलियो बहुमत छ। राष्ट्रियसभामा पनि कुनै समस्या छैन, अध्यादेश पारित गर्छौं।'

यसपटक मात्र नभई नेपालको लोकतान्त्रिक अभ्यासमा यसअघि धेरैपटक अध्यादेश जारी भएका घटना सुनाउँदै उनले अहिलेको अध्यादेश देश र जनताका हितलाई ध्यान दिँदै निजी क्षेत्रलाई आशा जगाउने र अर्थतन्त्रलाई चलायमान बनाउन ल्याइएको दाबी गरे। त्यसो हुनाले विपक्षी दलहरूले पनि अध्यादेशको स्वागत गरेर समर्थन गर्नुपर्ने बताए। सत्तापक्षलाई अध्यादेश पारित हुँदैन कि भन्ने शंका लागेको राष्ट्रियसभामा थियो। तर, बुधबार उपेन्द्र यादव नेतृत्वको दल जनता समाजवादी पार्टी (जसपा) नेपालले अध्यादेशको आलोचनात्मक समर्थन गर्ने निर्णय गरेको छ।


क्रमशः पृष्ठ २ मा


### बैठकमा उपस्थित हुन निर्देशन

दलहरूले आफ्ना सांसदहरूलाई आजको राष्ट्रियसभा बैठकमा अनिवार्य उपस्थित हुन निर्देशन जारी गरेका छन्। अध्यादेशहरू निर्णयार्थ पेस गर्न लागिएकाले आ-आफ्ना दलका सांसदहरूलाई बैठकमा उपस्थित हुने बुधबार निर्देशन दिएका हुन्। सांसदहरू अनुपस्थित भए अध्यादेश पारितमा बहुमत जुटाउन समस्या हुने देखिएको छ। सोहीकारण राष्ट्रियसभामा रहेका दलका प्रमुख सचेतक र सचेतकले म्यासेज र टेलिफोनबाटै सांसदहरूलाई काठमाडौं भए नछाड्न र बाहिर भए संसद् बैठकअघि नै काठमाडौं आइसक्न निर्देशन दिएका छन्।

अध्यादेश निर्णयर्थ प्रस्तुत गरिँदा पारितका लागि ३० सांसद राष्ट्रियसभामा चाहिन्छ। जसपा नेपालको तीन सांसद पनि पछिल्लो पट अध्यादेशको पक्षमा उभिने भएसँगै अध्यादेशको पक्षमा ३२ जना सदस्य हुने देखिएको छ। यदि, तीन जना सांसद आजको संसद् बैठकमा उपस्थित भएनन् भने अध्यादेश निष्क्रिय हुन्छ। त्यही भएर राष्ट्रियसभामा रहेका सबै दलका प्रमुख सचेतक र सचेतकहरूले म्यासेज पठाउने र फोन गर्ने गरेका छन्।

**सन्दर्भः वैदेशिक रोजगार**

## विदेशबाट पनि दिन थालियो श्रम स्वीकृति



**काठमाडौं (प्रस)–** सरकारले विदेशबाट पनि श्रम स्वीकृति दिन थालेको छ। ओमानको मस्कटस्थित नेपाली दूतावासले सलालाबाट गत शुक्रबारदेखि श्रम स्वीकृति दिने सेवा थालेको जानकारी दिइएको छ।

गत शुक्रबार र शनिबार सलालामा आयोजना भएको राजदूतसँग प्रत्यक्ष संवाद, श्रमिक सचेतना, वित्तीय साक्षरता, सामाजिक सुरक्षा कोषमा आबद्धता तथा पासपोर्ट-कन्सुलरसम्बन्धी विशेष कार्यक्रममा श्रम स्वीकृति पनि प्रदान गरिएको दूतावासले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ।

विभिन्न माध्यमबाट ओमान पुगेका तर श्रम स्वीकृति नभएका नेपालीलाई राजदूत डोरनाथ अर्याल र वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले संयुक्तरूपमा श्रम स्वीकृति प्रदान गरेका विज्ञप्तिमा उल्लेख छ। उक्त अवसरमा राजदूत अर्यालले नेपाली श्रमिकहरूको हकहित संरक्षणका लागि हरेक किसिमको सहयोग गर्न तत्पर रहेको बताए। यसैगरी महानिर्देशक खत्रीले श्रम स्वीकृतिविना विदेश आउँदा हुने समस्याबारे सचेत गराएको विज्ञप्तिमा उल्लेख छ।

## संघको प्रथम उपाध्यक्षमा लड्दै अख्तर हुसेन

### वैदेशिक रोजगार व्यवसायलाई सम्मानित र मर्यादित बनाउने एजेण्डा

■ **ममता थापा**

**काठमाडौं–** ओभरसिज इम्प्लोइमेन्ट प्रालिका सञ्चालक अख्तर हुसेनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनमा प्रथम उपाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। तराई वैदेशिक रोजगार व्यवसायी समाजका वरिष्ठ उपाध्यक्षसमेत रहेका उनले आफू संघको प्रथम उपाध्यक्षका लागि चुनाव लड्ने प्रभावसँग बताए।

विगतमा विभिन्न राजनीतिक दलनिकट संस्थासँग प्यानल बनाएर चुनाव लड्ने गरेको तराई समाज आउँदो फागुन २ गते हुने संघको चुनावमा एक्लै प्रतिस्पर्धामा उत्रने तयारीमा छ। राजनीतिक दलनिकटका उम्मेदवारले चुनाव जित्दा संघका लागि केही कम गर्न नसक्ने हुसेन बताउँछन्। 'चुनावमा कि हार हुन्छ कि जित। अब हामी कुनै पनि पार्टीको शरणमा जाँदैनौं। व्यवसायीको हितमा काम गर्न पहिला पार्टी त्याग्नुपर्छ,' उनी भन्छन्, 'दलको झण्डा ओढेर यो गर्छु, त्यो गर्छु भन्नेहरू झूठा हुन् भन्ने प्रमाणित भइसक्यो। विस्तारै व्यवसायीहरूले बुझ्न थालेका छन्।'



तराई वैदेशिक रोजगार व्यवसायी समाजको तर्फबाट हुसेन एकल उमेद्वारको रूपमा खडा हुने भएका छन्। राजनीतिक दलनिकट उम्मेदवारहरू आफ्नासामु बलियो भएर उभिँदा आफू पनि उत्तिकै साहसकासाथ मैदानमा उत्रने हुसेन बताउँछन्। म्यानपावर व्यवसाय सुरक्षित र सम्मानित नभएकोमा उनी दुःखी छन्।

वैदेशिक रोजगारीले नछोएको क्षेत्र कुनै नभएको उल्लेख गर्दै उनले अर्थतन्त्रको मेरुदण्ड नै वैदेशिक रोजगारी भएको दाबी गरे। यद्यपि, राज्यले यो क्षेत्रलाई प्रवर्द्धन गर्न नचाहेको उनको आरोप छ।

साथै अभियन्ताको खोल ओढेर व्यवसायीमाथि खुलेआम आक्रमण गर्ने गरेकोप्रति उनले आक्रोश व्यक्त गरे। 'हामी पनि वैधानिकरूपमा दर्ता भएर राज्यलाई कर तिरेर व्यवसाय चलाइरहेका छौं। यदि गल्ती गरेको छ भने हामीमाथि कानुनी कारबाही हुन्छ। तर जो कोहीले जथाभावी आक्रमण गर्न पाइने कानुन राज्यले बनाएको छ र ?,' उनी प्रश्न गर्छन्।

के-के छन् हुसेनका एजेन्डा

हुसेन संघ नियमनकारी निकाय नभएको हुँदा चुनाव जितेर यो गर्छु त्यो गर्छु भन्नु गलत हभएको बताउँछन्। 'संघले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित र मर्यादित बनाउन भूमिका खेल्नुपर्छ,' उनले भने।


क्रमशः पृष्ठ २ मा





## पृष्ठ १ बाट क्रमशः

## अध्यादेश पारित...

नेता राजकिशोर यादव नेतृत्वको कार्यदलले अध्यादेशहरूको अध्ययन गरेर तयार गरेको प्रतिवेदनका आधारमा जसपा नेपालले आलोचनात्मक समर्थन गर्दै अध्यादेशको पक्षमा उभिने निर्णय गरेको हो । 'सरकारलाई एक प्रकारले सचेत गराएर भविष्यमा अध्यादेशलाई निरुत्साहित गर्नेगरी जाने भन्नेमा छौं,' उनले भने । अध्यादेशहरू कतिपय सकारात्मक रहेको र केहीमा गम्भीर विमति पनि रहेको उनले बताए ।

यसअघि राष्ट्रियसभाबाट जसपा नेपाल अनीर्णित छँदा अध्यादेशहरू पारित हुनेमा शंका थियो । त्यहाँ अध्यक्षसहित ५९ जना सांसद छन् । बहुमतका लागि ३० सांसदको समर्थन चाहिन्छ । हाल राष्ट्रियसभामा अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका १०, मनोनीत दुई र लोसपाका एक गरी २९ सांसद छन् । तर, जसपा नेपाल पनि अध्यादेशको पक्षमा उभिएपछि ३२ जना हुने देखिएको छ । यो भनेको स्पष्ट बहुमत हो । राष्ट्रियसभामा माओवादीका १७, एकीकृत समाजवादीका आठ र राष्ट्रिय जनमोर्चाका एक गरी २६ सांसद छन् ।

सोमबार प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई फोन गरेका थिए, जतिबेला यादव पार्टीको केन्द्रीय कार्यकारिणी बैठकमा थिए । उक्त बैठकले पनि अध्यादेशको अध्ययन नगरी अध्यक्षको समर्थन र विरोध दुवै गर्ने निर्णय गरेको थियो । सोही आधारमा नेता राजकिशोर यादवको नेतृत्वमा गठन गरिएको कार्यदलले आलोचनात्मक समर्थन गर्ने भनेपछि सत्तापक्ष ढुक्क भएका छन् । यससँगै अध्यादेश स्वीकृत गर्न पेस गरिने प्रस्ताव पारित हुने देखिएको हो ।

पारित भएमा सरकारलाई प्रतिस्थापन विधेयक ल्याउने बाटो खुल्ने छ। प्रतिस्थापन विधेयक संसद् अधिवेशन सुरु भएको मितिको ६० दिनभित्र दुवै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ। तर, सुरुमै अस्वीकृत भएमा अध्यादेश स्वतः निष्क्रिय हुने छ। यसका लागि माओवादीसहितका विपक्षी दलहरूको जोडबल अझैसम्म छ । तर, जसपा नेपालसमेत अध्यादेशको पक्षमा उभिने भएपछि अध्यादेशहरू स्वीकृतिका लागि प्रस्तुत गरिने प्रस्तावहरू पारित हुने सम्भावना देखिएको छ।

आजको बैठकमा अध्यादेशबारे ५१ वटा विरोधका सूचना प्राप्त भएकाले नियमावलीअनुसार छलफल गरी समूहगत रूपमा निर्णयार्थ प्रस्तुत गर्ने सहमति भएको कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले बताए । उनले भने, 'एउटा प्रस्तावमा एउटा प्रस्तावक हुने, छलफलमा अस्वीकारको सूचना दिने सबैले बोल्ने, मन्त्रीले जवाफ दिने र एउटा अध्यादेशलाई एक पटकमात्र समूहगत रूपमा निर्णयार्थ प्रस्तुत हुने छ।'

बैठकलाई प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले सम्बोधन गर्ने भएका छन्। सरकारका तर्फबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले केही धारणा राख्ने छन्। भ्रष्टाचार र सुरक्षित कारोबारसँग सम्बन्धित प्रतिवेदन पनि सदनमा टेबुल गरिने छ।

■■■

## थुनछेक बहस ...

योसँगै लामिछानेलाई जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाइएको हो । आज (बिहीबार) बिहान १० बजे उपस्थित गराउनेगरी उनलाई प्रहरीको जिम्मा लगाइएको अदालतका स्रेस्तेदार विष्णु आचार्यले जानकारी दिए ।बहसमा जाहेरवालाका तर्फबाट वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ, अधिवक्ताहरू रमेश काफ्ले, सुनिता अधिकारी र शम्भु बर्तौलाले वकालत गर्ने अदालतका सूचना अधिकारी अमृत विश्वकर्माले बताए । लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त, धर्मराज आचार्य, अधिवक्ताहरू डा. नारायणदत्त कँडेल, चुडामणि सापकोटा, रामचन्द्र देवकोटा, सुवर्ण सापकोटा, गोपीलाल देवकोटा, केदारराज पन्त, दीपकराज तिमिल्सेना र सञ्जय गोले गरी १० जनाले बहसका लागि वकालतनामा दर्ता गरेका छन् । न्यायाधीश दयाराम ढकालको इलाजासमा थुनछेक बहस सुरू भएको हो ।

सरकारी वकिल कार्यालय चितवनले मंगलबार रविसहित १५ जनाविरूद्ध मुद्दा दर्ता गराएको थियो । व्यक्तिबाहेक छ वटा संस्थाविरूद्ध अदालतमा मुद्दा दर्ता गरिएको छ । दर्ता गरिएको मुद्दामा प्रतिवादीहरूमा लामिछानेसहित छविलाल जोशी, रामबहादुर खनाल, रविना रिमाल, विशाल गुरूङ, नवीन अछामी, कविता तामाङ, दीपक लामा, असरफअलि सिद्दिकी, भगवती बम्जन, लक्ष्मीप्रसाद पौडेल, विज्ञान राई, नेत्रपाणि बाँस्तोला, शिवबहादुर गुरूङ र प्रगति श्रेष्ठ रहेका छन् । यसअघि असोज ८ गते दर्ता भएको पहिलो मुद्दामा १७ जना प्रतिवादी थिए । त्यो समयमा लामिछानेको नाम किटान गरिएको थिएन । मंगलबार दर्ता भएको मुद्दामा लामिछानेसहित १५ जना प्रतिवादी छन् । यस्तै गोरखा मिडिया नेटवर्क प्रालि, साहारा बचतसहित छ वटा संस्था प्रतिवादी रहेका छन् ।

साहारा सहकारीबाट रकम गएका पाँच कम्पनीमा गोरखा मिडिया नेटवर्क प्रालि, नेचर हब इन्टरनेसनल प्रालि, जिबी ग्रुप अफ कम्पनिज, स्प्रिङ उड स्टेट हाउजिङ प्रालि र नेचर नेस्ट प्रालि रहेका छन् । मुद्दा दायर भएका कूल ३२ जनामध्ये १२ जनाविरूद्ध ठगी र संगठित अपराधमा र २० जनालाई ठगीमा मुद्दा दर्ता गरिएको हो । संगठित अपराध र ठगीमा प्रतिवादी कायम भएका जिबी राई भन्ने गितेन्द्रबाबु राई, हेमन्त अधिकारी, सागर केसी, आशिष आनन्द, अनन्त बाबु राई, भूपेन्द्र राई, देवेन्द्रबहादुर राई, दिनेश रोक्का, कुमार रस्तेल, छविलाल जोशी, दीपक लामा र नेत्र बास्तोला रहेका छन् ।

साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्थाको ठगी भएको भनिएको जम्मा रकम ५२ करोड ३२ लाख ८५ हजार रूपैयाँ रहेको छ । हाल जाहेरी परेको रकम ३८ करोड नौ लाख ७९ हजार रूपैयाँ क्षतिपूर्ति भराउन माग दाबी गरिएको विश्वकर्माले जानकारी दिए । ५२ करोडमध्ये अहिले अभियोगमा देखिएको र बाँकी थप १४ करोड २३ लाख छ हजार रूपैयाँ जाहेरी परेका बखत पुनः पूरक अभियोग जाहेर हुनेगरी अभियोग दाबी गरिएको छ ।

बचतकर्ताहरूलाई भराउनुपर्ने क्षतिपूर्ति रकम विभिन्न छ वटा कम्पनीबाट साहारा चितवन बहुउद्देश्यीय सहकारीलाई दिलाउनु भराउनुपर्ने रकम ४३ करोड ३२ लाख सात हजार रूपैयाँ रहेको छ। व्यक्तिगतरूपमा जिबीबाट ४१ लाख ३० हजार, असरफअलिबाट तीन करोड २० लाख र महेन्द्र भोटी भन्ने शिवबहादुर गुरूङबाट दुई करोड ६४ लाख भराइनुपर्ने मागदाबी छ।

■■■

## संघको प्रथम...

यदि मतदाताले आफूलाई जिताए वार्षिक न्यूनतम १०० जना कामदार पठाउनुपर्ने प्रावधान हटाउन सशक्त पहल गर्ने बताए । 'अहिले हट्ने तयारीमा त छ तर सरकारले कतिबेला 'र', 'वा' घुसाउँछ, थाहा हुँदैन,' उनी भन्छन्, 'मलेसियाले कामदार नलग्दा व्यवसाय गर्न नपाएका व्यवसायीलाई अब असारमा बन्द गर्ने त ? व्यवसाय गर्ने अन्तर ाष्ट्रिय बजारको मागअनुसार हो, सरकारले यति नै हुनुपर्छ भन्न मिल्दैन ।'

त्यसैगरी संघमा दलको नभएर व्यवसायीको प्रतिनिधित्व सुनिश्चित गर्न काम गर्ने उनी बताउँछन् । वैदेशिक रोजगार क्षेत्रको सिन्डिकेट हटाउन आफू लागिरहेको उनको भनाइ छ। उनी भन्छन्, 'सिन्डिकेट केका लागि हो, सबैलाई व्यवसाय गर्न देऊ न, एक जनाले मात्र कति पैसा कमाउने हो र ?'

त्यस्तै, संघको निर्वाचनमा पनि राजनीतिक दलको सिन्डिकेट भएकाले खुलारूपमा अध्यक्षमा लड्न पाउने प्रावधान ल्याउने विषयमा काम गर्ने उनी बताउँछन् । हुसेनका अनुसार एकचोटि पदाधिकारी भएको व्यक्तिमात्र अध्यक्षमा चुनाव लड्न पाउने संघको विधानमा रहेको प्रावधान गलत छ । 'व्यवसाय गरेको हुनुपर्‍यो, लाइसेन्स प्राप्त हुनुपर्‍यो, कम्पनी अद्यावधिक हुनुपर्‍यो बाँकी ऊ योग्य छ छैन भन्ने कुरा व्यवसायीले निर्णय लिने हो,' उनले भने । क्षमतावान् व्यक्तिलाई विधानले रोकेको हुसेनको गुनासो छ ।

युटचुबर र अभियन्ताको नाममा व्यवसायीलाई आतंकित बनाउने गतिविधि रोक्न आफूले भूमिका खेलेको उनको दबी छ । 'विगत २०-२५ वर्षदेखि व्यवसायीमाथि हुँदै आएको आक्रमण रोक्न मैले 'डिजिटल प्रतिकार'को अवधारणा ल्याएर कार्यान्वयन गराएँ । मेरै आइडियाले व्यवसायी सुरक्षित भए,' हुसेनको भनाइ छ ।


### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Api Manpower Solutions Pvt Ltd** इजाजत नम्बर १११५/०७३/०७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.N. | Name | Citizenship no. | Position |
|---|---|---|---|
| 1 | Bijay Luhar | 873 | Organization Representative |
| 2 | Kamlesh Niraula | 29652 | Executive Director |
| 3 | Mohit Raj Niraula | 01234 | Organization Representative |

Lic No. 1115/073/074
Api Manpower Solutions Pvt Ltd
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5454927, 5454928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com

### साउदीमा रोजगार

कम्पनी : Extended Access Contracting Company is a one Person

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ LT. No. 318218 चलानी नं.६०२३२४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Takween Al Fan Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ LT. No. 317889 चलानी नं.६०२३२१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 5 | 0 | 1000 | ३६,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ATLANTIC OVERSEAS PVT. LTD.
City Square Mall, Samakhusi Kathmandu, Nepal +977 985-1141964, 9823528692, +977-01-4977788, +977-01-4977799,
Email :atlanticoverseasktm@gmail.com, info@atlantic.com.np, Web: www. atlantic.com.np
श्रम इजाजत नं. १६७४/०८०/०८१

### साउदी/युएइमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२३ LT. No. 314825 चलानी नं.६०२२९०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1500 | ५५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 12 | 0 | 1500 | ५५,४८० | | | | | | | |

कम्पनी : Al-Kharafi Construction Company

पूर्व स्वीकृति मिति : २०८०/०९/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२३ LT. No. 297506 चलानी नं.६०२१२५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder Laborer | 7 | 0 | 120 | ५३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Universal Technical Institute and Orientation Center, Kapan marga 3, Maharajgunj मा मिति: २०८१ फागुन १/२/३ गते (13/14/15 Feb. 2025) मा हुनेछ । Dhanusha, Janakpur, Sky Training Center, Mujeliya Chowk मा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

### युएइमा रोजगार

कम्पनी : ADVANCED AGRICULTURAL SYSTEMS L L C

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ LT. No. 317679 चलानी नं. ६०२३२४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AGR.LABOR | 20 | 0 | 1000 | ३७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

### युएइमा रोजगार

कम्पनी : ALWAFA FACILITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२२ LT. No. 318177 चलानी नं. ६०२३२४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 55 | 900 | ३३,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069
श्रम इजाजत नं. ४४४/०६०/०६१

### युएइमा रोजगार

कम्पनी : Mts Electromechanical Equipment Installation And Maintenance Co Llc

पूर्व स्वीकृति मिति : २०८१/१०/२१ LT. No. 318182 चलानी नं. ६०२३२४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Helper | 2 | 0 | 1200 | ४५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Air Conditioning Technicians | 2 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 3 | Electrician. | 2 | 0 | 1260 | ४७,५८५ | | | | | | | |
| 4 | Oxygen Welder Assistant | 2 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 5 | Pipe Line Operator | 2 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 6 | Plumber (Helper) | 2 | 0 | 1260 | ४७,५८५ | | | | | | | |
| 7 | Technical (Electrical Enginer) | 2 | 0 | 1200 | ४५,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२४**

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गा.पा.-४, जुम्लेकुला, दाङको वनबाट उत्पादन भई शान्तिनगर गा.पा.-४, जुम्लेकुला, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया काठ थान ६७२ को ३३९५.८४ घ.फि. साथै साल जातको ३.५० चट्टा र अन्य जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८१।११।१५ गते) भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**शान्ति सामुदायिक वन उपभोक्ता समूह**
**शान्तिनगर गा.पा.-४, दाङ**

### नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८१/०९/२४**

यस कम्पनी २०८१/०९/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **नेपालयन सफ्टवेयर सोलुसन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न बेहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनिले सकार्ने बोहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/२८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरि **ए. एण्ड आई. पाठशाला ग्लोबल (प्रा. लि. २९३८६८)** कायम गरियको ब्याहेरा जानकारीका लागि यो सूचना प्रकाशित गरियको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०६/१४ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२७३९४१** को **प्यासन एक्सपिडिसन प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२० को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८१/०९/२४**

यस कम्पनी २०८१/०९/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **एस. एस. डब्लु. ट्रेनिङ्ग एण्ड ल्याङ्ग्वेज सेन्टर नेपाल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न बेहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनिले सकार्ने बोहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/२८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरि **नेपालयन ट्राभल्स एण्ड टुर्स (प्रा.लि.३२९८२८)** कायम गरियको ब्याहेरा जानकारीका लागि यो सूचना प्रकाशित गरियको छ ।

**Province Government**
**Ministry Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

### Infrastructure Development Office

**Sankhuwasabha, Koshi Province**

### Invitation for e-Bid

Date of Publication: **2081/10/24 (February 6, 2025)**

Invitation for Bids No.: **IDOSANK-05/2081/82**

1. Infrastructure Development Office, Sankhuwasabha invites open competitive biddings (Single Stage – Single Envelope e-bids) from eligible bidders for following works under NCB Procedures. For Detail of works please visit www.boalpatra.gov.np/egp.

| S.N. | Contract Identification Number | Description and Location of Works | Estimate Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity / Security Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOSANK/Works/ NCB-16/2081/82 (Re-Bid) | Sidhuwa-Sukrabarey-Okharey-Myanglung Road, Tehrathum | 23,94,081.97 | 60,000 | 90 + 30 days from deadline of submission of Bids. | 3000 |

| Last Date of Purchasing of Bids | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| On or Before 20 February, 2025 (2081/11/08) from online or bank deposit | On or Before 20 February, 2025 (2081/11/08) before 12 Noon | On or Before 20 February, 2025 (2081/11/08) at 13:00 hours | Office code: **3370104011**<br>Bank: **Rastriya Banijya Bank**<br>Revenue Account: **1000200010000**<br>Revenue head no:**14229** | Office code: **3370104011**<br>Bank: **Rastriya Banijya Bank, Khandbari Branch**<br>Account No: **2080100202030000**<br>(Kolenika, Sankhuwasabha) |

2. Date of Pre-bid meeting: 16 February 2025 (2081/11/04)
3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, PPR & PPPR.

**Office Chief**

# अधिराजकुमारी सोफीले गरिन् कीर्तिपुर आँखा अस्पताल अवलोकन



**काठमाडौं (प्रस)–** नेपाल भ्रमणमा रहेकी संयुक्त अधिराज्य बेलायतकी अधिराजकुमारी डचेस सोफी बुधबार कीर्तिपुरस्थित 'कीर्तिपुर आँखा अस्पताल' को अवलोकन गरेकी छन् । उनले अस्पतालबाट प्रदान भइरहेका सेवा एवं सेवाग्राहीसँग भेटघाट गरेकी थिइन् ।

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित उक्त अस्पतालले वि.सं. २०७४ देखि सेवा सुरुआत गरेको थियो । अस्पतालले बेलायतको विकास साझेदार संस्था 'रिड्ली आइ फाउण्डेसन'का सहयोगमा नेपालका विकट उच्च पहाडी क्षेत्रमा निःशुल्क मोतिविन्दु शल्यक्रिया शिविर सञ्चालन गर्दै आइरहेको छ ।

अधिराजकुमारी सोफी 'द इन्टरनेसनल एजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी)' को 'ग्लोबल एम्बेस्डर' (विश्व सद्भावना दूत) हुन्। विश्वबाट नै उपचारपछि निको हुने अन्धोपन निवारण गर्ने अभियानमा सक्रिय उनले आँखा स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा विश्वव्यापीरूपमा कार्य गर्दै आएकी छन् । 'आइएपिबी' विश्वका आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत संघ/संस्थाको साझा छाता संगठन हो ।

उक्त अवसरमा अधिराजकुमारी सोफीले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा भएको प्रगतिको उच्च सराहना गर्दै आगामी दिनमा नेपालले आफ्नो प्राथमिक स्वास्थ्य प्रणालीमा आँखा उपचार सेवालाई पनि अझ बलियो बनाउन सुझाव दिएको जनाइएको छ ।

संघले आफ्ना सञ्जालमार्फत नेपालमा आँखा उपचार सेवा प्रवाह गरिरहेको र वार्षिक संघको सञ्जालमार्फत हजारौं आँखाका बिरामीले निःशुल्क आँखा उपचार प्राप्त गरिरहेको जनाएको छ । नेपालमा जनस्वास्थ्य समस्याका रूपमा रहेको ट्रकोमा रोगलाई निवारण गर्न सफल भएको जानकारीबाट अधिराजकुमारी सोफी अत्यन्तै प्रभावित समेत भएको संघका अध्यक्ष प्रा.डा. चेतराज पन्तले जानकारी दिए ।

अध्यक्ष प्रा.डा. पन्तले राजकुमारी सोफी नेपाल भ्रमणका क्रममा कीर्तिपुर आँखा अस्पतालकोसमेत अवलोकन गरेकामा धन्यवाद व्यक्त गरे । सो अवसरमा संघका महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्र, कीर्तिपुर आँखा अस्पताल व्यवस्था समितिका अध्यक्ष प्रा.डा. सविना श्रेष्ठ र मेडिकल निर्देशक डा एरिक वैद्यले अस्पतालका सेवाका बारेमा अधिराजकुमारी सोफीलाई जानकारी गराएका थिए ।

# सामुदायिक विद्यालयमा खानेपानी महसुल छुटका विषयमा गृहकार्य सुरू

**काठमाडौं (प्रस)–** सामुदायिक विद्यालयमा खानेपानी जडान, वितरण तथा महसुल छुटका विषयमा गठन भएको कार्यदलले आवश्यक गृहकार्य सुरु गरेको छ । खानेपानी मन्त्रालयका सहसचिव मीना श्रेष्ठको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिवसमेत रहने गरी गठित उक्त कार्यदलले कसरी खानेपानीको महसुल छुट गर्न सकिन्छ भन्ने विषयमा आवश्यक गृहकार्य अघि बढाएको खानेपानी मन्त्रालयले जनाएको छ ।

खानेपानीमन्त्री प्रदीप यादव तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईबीच केही हप्ता पहिले सामुदायिक विद्यालयमा खानेपानी जडान, वितरण तथा महसुल छुटको विषयमा सहकार्य गर्ने सहमति भएसँगै उक्त कार्यदल गठन गरिएको थियो ।

विद्यालयमा उपलब्ध हुने खानेपानी सेवाको दीर्घकालीन व्यवस्थापनका लागि उपयुक्त मोडेल तयार गर्न खानेपानी तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबीच सहमति भएपछि कार्यदलले गृहकार्य थालेको टोलीका संयोजक एवं सहसचिव श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'विद्यालयमा निःशुल्करूपमा खानेपानी जडान, महसुल छुट तथा पानी वितरणको व्यवस्था मिलाउन मेरो संयोजकत्वमा कार्यदल गठन भएको थियो, कार्यदलले यस विषयमा आवश्यक गृहकार्य सुरु गरिसकेको छ ।' कार्यदलले सामुदायिक विद्यालयमा खानेपानी जडान, वितरण तथा महसुल छुटको प्रक्रिया कसरी अघि बढाउने भन्नेबारे जानकारी संकलन गर्दै आवश्यक सुझाव लिइरहेको संयोजक श्रेष्ठले बताए ।

# कामपाका ३६ स्थानमा जोडियो पेलिकन क्रसिङ

■ विविशा पौडेल

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले विभिन्न ३६ स्थानमा पैदलयात्रीमैत्री ट्राफिक बत्ती (पेलिकन क्रसिङ) जडान गरेको छ । सडक सुरक्षा प्रवर्द्धन गर्ने उद्देश्यले महानगरले उक्त बत्ती जडान गरेको हो ।

महानगरले बुधबार बागबजारस्थित पद्मकन्या बहुमुखी क्याम्पस अगाडि जोडिएको पेलिकन क्रसिङ परीक्षण तथा जनचेतामूलक कार्यक्रम सञ्चालन गरेको छ । महानगरले पैदलयात्रीलाई यसको प्रयोग र महत्त्वबारे जानकारी गराउन सचेतना अभियान सुरु गरेको हो ।

उक्त कार्यक्रममा पूर्वट्राफिक प्रहरी तथा सडक व्यवस्थापक जगतमान श्रेष्ठले पैदलयात्रीलाई पेलिकन क्रसिङबारे सचेत गराउँदै ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । 'विशेषगरी हामीले पेलिकन क्रसिङ स्कुल तथा कलेजको अगाडि राखेका छौं, किनभने स्कुल तथा कलेजका विद्यार्थीहरूले सर्वसाधारणलाई सिकाउनु हुन्छ भनेर, यसका लागि हामी निरन्तर रूपमा लागिरहेका छौं ।'

पेलिकन क्रसिङको प्रभावकारिता परीक्षण गर्दै ट्राफिक व्यवस्थाका लागि थप सुधारका उपाय अवलम्बन गरिने श्रेष्ठको भनाइ छ । उनले भने, 'यसै क्रममा महानगरले ट्राफिक प्रहरी, शिक्षक तथा विद्यार्थी, स्थानीय समुदाय र सञ्चारकर्मीहरूसँगको सहकार्यमा सडक यात्रा सुरक्षा प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ ।'

इन्जिनियर सिरिष पाण्डेले नेपालको सन्दर्भमा यातायातमा सामान्यतया जेब्रा क्रसिङ र आकाशे पुलमात्र देखिएको बताए । उनले भने, 'अहिले हामीले काठमाडौंको नयाँ अवधारणाअनुसार सुरुआतमा ३६ ठाउँमा राखेका छौं । त्यसमा पनि सामुदायिक तथा संस्थागत विद्यालयहरू र तीनवटा मुख्य अस्पताल अगाडि राखेका छौं ।'

पैदलयात्रीले जेब्रा क्रसिङ गर्दा वृद्ध तथा सम्पूर्ण वर्गलाई मध्यनजर गरी प्रतिसेकेन्ड एक मिटरको दरले ट्राफिक बत्तीमा टाइमिङ राखिएको उनले जानकारी दिए । पद्मकन्या बहुमुखी क्याम्पसकी प्रमुख जयालक्ष्मी प्रधानले क्याम्पस वरिपरि बढी भीडभाड हुने भएकोले पेलिकन क्रसिङको जडानले प्रभावकारी काम गर्ने अपेक्षा व्यक्त गरिन् ।

सडक सुरक्षा विषयमा विद्यावारिधि गरेकी भगवती सेढाईंले मुलुकमा सडकको अवस्था नाजुक भएको बताइन् । सन् २०२३ को एक अन्तर्राष्ट्रिय प्रतिवेदनमा पनि यस्तो देखाएको उनले उल्लेख गरिन् । त्यसमा प्रगति केही नभएको र सडकको स्तर भयानक भएको देशहरूमा नेपाल चौथो स्थानमा रहेको उनले बताइन् । पैदलयात्री सडक पार गर्ने क्रममा हुने दुर्घटनालाई न्यूनीकरण गर्न नयाँ जडित बत्तीले सहयोग पुग्ने उनको विश्वास छ ।


## मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

### बोलपत्र आवहानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८१/१०/२३

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि मिति २०८१/१०/२३ गते **https://www.bolpatra.gov.np/egp** मा **Contract id: 57/GadagaliitiringRoad/NCB/Mechi/2081/082** को ई बिड मार्फत सूचना आवहान भएको हुदा आवस्यक कागजपत्रहरु संलग्न राखी रु ३००० (तिन हजार मात्र ) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३००००१००१००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना **https://www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ।

तपसिल :

| क्र.स. | बोलपत्र प्रकाशित मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर,कन्टिनजेंसी र PS सहित) | बोलपत्रको किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/१०/२३ | २०८१/११/२३ | 57/GadagaliitiringRoad/NCB/Mechi/2081/082 | Gadagalli bata tiring jane bato sttarunnati, Mechinagar-01 | ३९,९९,८१०.३७ | Works NCB | १,२०,०००.०० |

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत



## चौरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौरपाटी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१०/२४

यस कार्यालयबाट मिति २०८१ पुस १२ गतेको दिन सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp र मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e-GP) bolpatra.gov.np/egp मार्फत रितपूर्वक दर्ता हुन आएका तपसिल बमोजिमको निर्माण कार्यको लागी तपसिल बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ (ज) को उपनियम ७ बमोजिम सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| Contract ID No. | Discription of Work | Name of Bidders | Bid Price (without VAT and PS) | Remarks |
|---|---|---|---|---|
| CRM/ACHHAM/NCB/W/R1/001/2081-082 | Construction of Pathar Khola Tauke Gadha Irrigation Canal Chaurpati-5 Achham. | Malika Nirman Sewa Seudi, Achham . | Rs. 15,95,745.50 | |

प्रमुख प्रशासकिय अधिकृत



## कतारमा रोजगार
कम्पनी : SERENDIP CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. 318261 | चलानी नं. ६०२३२४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner | 6 | 2 | 1000 | ३८,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 2 | 1 | 1000 | ३८,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



## युएइमा रोजगार
कम्पनी : GHANI GHANI TECHNICAL SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 310588 | चलानी नं. ६०२२५२०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 15 | 0 | 1000 | ३७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| | This Quarter | Up to this Quarter (YTD) | This Quarter | Up to this Quarter (YTD) |
| Revenue from Operation | 17,323,880 | 23,678,439 | 19,784,988 | 34,884,790 |
| Cost of Operation | (2,150,116) | (3,212,798) | (409,659) | (1,856,982) |
| Gross Profit/ (Loss) | 15,173,764 | 20,465,641 | 19,375,329 | 33,027,808 |
| Other Income | 1,177 | 1,898 | 1,409 | 3,382 |
| Total Income/(Loss) from Operation | 15,174,941 | 20,467,539 | 19,376,738 | 33,031,190 |
| Employee Benefit Expenses | (1,981,153) | (4,353,339) | (1,553,268) | (3,478,522) |
| Depreciation and Amortisation | (4,308,405) | (8,615,775) | (3,512,838) | (8,617,908) |
| Administrative Expenses | (2,116,254) | (4,440,634) | (1,276,552) | (2,356,524) |
| Operation Profit / (Loss) | 6,769,129 | 3,057,791 | 13,034,080 | 18,578,236 |
| Finance Cost | (8,638,344) | (18,223,521) | (12,063,376) | (29,315,910) |
| Profit / Loss Before Staff Bonus | (1,869,215) | (15,165,730) | 970,704 | (10,737,674) |
| Staff Bonus | - | - | - | - |
| Profit / Loss Before Tax | (1,869,215) | (15,165,730) | 970,704 | (10,737,674) |
| Income Tax Expenses | - | - | - | - |
| Profit (Loss) For The Year | (1,869,215) | (15,165,730) | 970,704 | (10,737,674) |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income | (1,869,215) | (15,165,730) | 970,704 | (10,737,674) |

**Notes:**
1. The above mentioned figures are unaudited and subject to reclassification and readjustments.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.
4. Deferred tax liability is calculated only on annual basis.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८१/८२ को दोश्रो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण**

**क) यस त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण:**
यस संस्थाको आ.व. २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरुः

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक रु. | (३.४०) | तरलता अनुपात (प्रतिशतमा) | ४४.०६ |
| प्रति शेयर नेटवर्थ रु. | ५२.०६ | मूल्य आम्दानी अनुपात | - |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | २४०.९६ | | |

**२) व्यवसायीक विश्लेषण:**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बधी विवरण: विद्युत प्राधिकरणको ३३ KVको प्रशारण लाईनमा आएको समस्याको कारण यस आ.व.को श्रावण देखि असोजसम्म पूर्ण क्षमतामा सञ्चालन गर्न नपाएको हुँदा संस्थाको विद्युत विक्री आम्दानीमा केहि गिरावट आएको छ भने यस चालु अवधिमा भने पुरानै लयमा विद्युत उत्पादन तथा प्रशारण सुरु भई सकेको छ । संस्थाको मौज्दात स्थिर देखिएको छ । साथै, तरलता अनुपात समान स्थितिमा रहेको छ ।

**ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा व्यावसायिक उत्पादन भईरहेको छ । साथै, कम्पनीले गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनामा समेत सम्भाव्यता अध्ययन सम्पन्न भई नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता (पी.पी.ए.) समेत मिति २०८०/०३/०७ मा सम्पन्न भईसकेको छ । संस्थाले सोहि परियोजनाको उत्पादन अनुमतिपत्र विद्युत विकास विभागबाट मिति २०८०/१२/०५ मा प्राप्त गरिसकेको छ । सो उत्पादन अनुमतिपत्र यस संस्था समेत प्रमूख प्रवर्द्धकको रुपमा रहने गरि दोभान खोला हाईड्रोपावर लिमिटेडमा हस्तान्तरणको प्रकृयामा रहेको छ । साथै, सम्पूर्ण शेयरधनीहरुको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउन प्रतिवद्द रहेको छ ।

**३) कानुनी कारवाही सम्बन्धी विवरण:**

क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

ख) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य रु. | ९०५ | शेयरको न्यूनतम मूल्य रु. | ७४०.२ |
| अन्तिम मूल्य रु. | ८१४ | कारोबार भएको कुल दिन | ५५ |
| कारोबार खंख्या | ९,९३७ | कारोबार भएको शेयर संख्या | ८,२५,७१७ |

**५) समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरू भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्दीको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरु समाधान गर्न निरन्तर रुपमा अग्रसर रहेको छ ।

**६) संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्धोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

प्रभाव दैनिक

रूपशाला

## 'मिसेस ब्यूटी क्वीन'को उपाधि वर्षालाई

'रियलस्टेट' व्यावसायी वर्षा कुँवरले 'मिसेस ब्यूटी क्वीन नेपाल सिजन ७ को उपाधि प्राप्त गरेकी छिन् । सिजन मिडियाले आयोजना गरेको प्रतियोगितामा १३ जना प्रतिस्पर्धीलाई पछि पार्दै उनले उक्त उपाधि हासिल गरेकी हुन् । करूणा विक 'फष्ट रनरअप' भइन् भने 'सेकेन्ड रनरअप' रिन्जु कुसवहा भइन् ।




बिहीबार, २४ माघ २०८१ (Thursday, February 06, 2025)

# योगमाया सखी बनेर कथावाचनमा गायिका जेरी



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिकाको पहिचान बनाएकी बबिता बानियाँ (जेरी)ले कथा वाचन गर्ने श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ मङ्गलबार सुरु भएको छ ।

यद्यपि उनले कथा वाचन गर्न लागेको विषयमा सरोकारवालाले पक्ष विपक्षमा टीकाटिप्पणी गरिरहेका छन् । यस विषयमा जेरीले लोकदोहोरी क्षेत्रमा संघर्ष गरेर आफू चिनिन पनि सफल भएको र अहिले फरक क्षेत्रमा आएकाले आम मानिसमा चासो र बहस हुनु स्वाभाविक भएको बताइन् ।

'मैले संगीत क्षेत्रमा संघर्ष गरेर पहिचान पनि पाएको हुनाले पनि अहिले गर्न लागेको नयाँ काममा धेरैले चासो र चिन्ता गर्नुभएको रूपमा बुझेको छु', उनले भनिन्, 'यो खास कर्कमाण्ड भन्दा पनि श्रीमतभागवको अध्ययन गरेर मैले एउटा बाचिकाका रूपमा संगीतसहितको प्रवचन गर्न लागेको हो ।' उनले आफूले कुनै अनुष्ठान गर्न नलागेको उनले बताइन् । 'किनभने सहभागी महायज्ञमा अनुष्ठानमा चाहिँ वैदिक ब्राह्मणहरू छन् । वाचन र संगीतमय कथा प्रवचनको पाटो मेरो हो,' उनले भनिन । उनले आफ्नो विरोध गर्नेहरूले कमजोरी औँल्याइएको भन्दै त्यसलाई सुधारेर अघि बढ्ने र कार्यक्रम सफल बनाएकै छाड्ने बताइन् ।

राजधानीको नागार्जुन नगरपालिका-१ रानीवनस्थित महादेव मन्दिर परिसरमा जेरीको वाचन हुने महायज्ञ मंगलबारदेखि सुरु भएको हो । पहिलो दिन कलश यात्राका साथै औपचारिक कार्यक्रम भएको जेरीले बताइन् । कथा बाचनको संगीतमय प्रवचन बुधबारदेखि सुरु भएको जेरीले बताएकी छिन् । 'यो अवधिभर वाचन मैलेमात्र गर्छु । बेलाबेला अतिथि गुरुहरू पनि आउनुहुन्छ', उनले भनिन् । जेरीले आफूलाई कथा बाचकको रूपमा योगमाया सखीको रूपमा चिनाउन खोजेकी छन् । वैदिक सनातन धर्मको सम्वर्द्धन तथा नागभुषण महादेव मन्दिर परिसरको सर्वाङ्गीण भौतिक विकासका लागि महायज्ञ गरिएको आयोजकको भनाइ छ ।

श्री नागभूषण मन्दिर संरक्षण तथा सामुदायिक संस्था तथा श्रीमद्भागवत सेवा कुञ्ज नेपाल आयोजक रहेको उक्त सप्ताह माघ ३० गतेसम्म जारी रहने सांस्कृतिक संयोजक बालचन्द्र बरालले जानकारी दिए । महायज्ञमा ५ हजारदेखि माथिका दाताहरूको नाम, २५ हजार भन्दा माथिका दाताहरूको सम्पत्तिको नाम र ५० हजारभन्दा माथिका दाताहरूको तीन पुस्तेको नामसहित मन्दिरमा अभिलेखीकरण गरिने आयोजकको भनाइ छ ।

जोरीले करिब डेढ दशकको दोहोरी गायक यात्राका क्रममा निकै चर्चा कमाएकी थिइन् । अहिले भने उनी अध्यात्मतिर ढल्किएकी हुन् । भागवतको दशकसम्म स्वअध्ययन र डेढ वर्ष नेपाल र भारतमा समेत अध्ययन गरेपछि आफू पहिलो पटक कथावाचनमा जुटेको उनको भनाइ छ ।

# राजागञ्जको टिजर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** दीपक रौनियारको निर्देशनमा निर्माण भएको सिनेमा 'राजागंज'को टिजर सार्वजनिक भएको छ । बुधबार सार्वजनिक सिनेमाको टिजरले दर्शकमाझ उत्साह पैदा गर्ने देखिन्छ । टिजर रिलिजको पूर्वसन्ध्यामा सार्वजनिक सिनेमाका मुख्य महिला पात्रको लुक्सले पनि सिनेमाको टिजरप्रति दर्शकमाझ प्रतिक्षा थियो ।

सिनेमामा सात महिला पात्रलाई मुख्य भूमिकामा प्रस्तुत गरिएको छ । सिनेमामा दयाहाङ राई, आशा मगराती, विजय बराल, ऋचा शर्मा, गौमाया गुरुङ, पशुपती राई, पूर्वमिस नेपाल निकिता चाण्डक, पुष्पा यादव, आरती मण्डल घनश्याम मिश्र, परमेश्वर कुमार झा र नीरज श्रेष्ठ लगायतका कलाकारको अभिनय रहेको छ ।

सिनेमाले भेनिस, ह्याम्बर्ग, बुसान र मुम्बई जस्ता विश्वका ठुला सिनेमा महोत्सवमा आफ्नो प्रभाव जमाई सकेको छ । यो सिनेमा गत कात्तिक एकै महिनामा ५ फेस्टिभलमा स्क्रिनिङ भएको थियो । सिनेमाले भेनिसमा १० मिनेटको स्ट्यान्डिङ ओभेसन प्राप्त गरेको थियो ।

प्रतिष्ठित अमेरिकी अखबार 'द न्युयोर्क टाइम्स'ले निर्देशक रौनियारलाई संसारका नौ उदीयमान निर्देशकको सूचीमा समावेश गरेको थियो । ब्राजिलियन लेखक पाओलो



कोहेलोले सार्वजनिक रूपमै रौनियारको प्रशंसा गरेका थिए ।

आगामी चैत्र १ गतेबाट नेपालभरका सिनेमा घरमा रिलिज हुनेछ । यो सिनेमालाई नेपालमा टिफल्क र ब्यांकटेश इन्टरटेनमेन्टले संयुक्त रूपमा रिलिज गर्ने भएका हुन्न् । सत्य घटनाबाट प्रेरित रहेको 'राजागञ्ज'ले नेपाल र भारतको सीमावर्ती शहरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनको कथा उठाएको छ ।

सिनेमाको निर्माणमा आदि फिल्मस्का तर्फबाट निर्देशक रौनियार र अभिनेत्री मगराती, बासुरी फिल्मस्का तर्फबाट रामबाबु गुरुङ र मनिराम पोखरेल, अभिनेता दयाहाङ राई तथा तन्हाउसर गेटका तर्फबाट एलन आर मिलिगनले सहकार्य गरेका छन् ।


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

राष्ट्रिय ट्रमा सेन्टर

महांकाल, काठमाण्डौ

**पुन: विधुतीय बोलपत्रष (e-tender) आव्हानको सूचना**

(दोश्रो पटक प्रकाशित मिति: २०८१/१०/२४ गते)

चालु आ. ब. २०८१/८२ मा यस अस्पतालको फार्मेसीबाट बिक्री प्रयोजनको लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्री ईकाइ दरमा खरिद गर्नको लागि विधुतीय बोलपत्रको माध्यम (e-tender) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|
| १. | NTrC-PHR/G/NCB/01-081/82 | औषधि तथा औषधिजन्य सामाग्रीहरु | रु. ५,०००/- | रु. १९,१३,४९२/- |

विस्तृत जानकारीको लागि:- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं ०१-४२२४९२८ मा सम्पर्क गरि बुझ्न सकिनेछ ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट


रंगशाला

## त्रिकोणात्मक महिला क्रिकेट

# पाँचौं खेलमा पनि हाऱ्यो नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल त्रिकोणात्मक टि-२० सिरिजको लगातार पाँचौं खेलमा पनि पराजय भोगेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको खेलमा नेपाल नेदरल्याण्ड्ससँग १० विकेटले पराजित भएसँगै लगातार पाँचौं खेलमा हार ब्यहोरेको हो ।

जितका लागि नेपालले दिएको एक सय ४६ रनको लक्ष्य पछ्याएको नेदरल्याण्ड्सले १९ दशमलव चार ओभरमा कुनै विकेट नगुमाइ पूरा गऱ्यो । नेदरल्याण्ड्सको जितमा स्ट्रि कालिसले अविजित सर्वाधिक ९८ रन जोडिन् । उनले ६९ बलमा ११ चौका र २ छक्का प्रहार गरिन् । फोबी मोल्किनोमोरले ४९ बलमा ४ चौकाको सहयोगमा अविजित ४८ रन जोडिन् ।

त्यसअघि नेपालले निर्धारित २० ओभरमा चार विकेट गुमाएर एक सय ४५ रनको योगफल बनाएको थियो । नेपालका लागि पूजा महतोले सर्वाधिक ६२ रन योगदान दिइन । उनले ५१ बलमा पाँच चौका प्रहार गर्दै ६२ रन जोडेकी हुन् । त्यस्तै कप्तान इन्दु बर्माले ३७ बलमा पाँच चौकाको सहयोगमा ३९ रन जोडिन् । रुविना क्षेत्री १७ बलमा २० रन बनाउँदै आउट हुँदा कविता जोशी सात रनमा नटआउट रहिन् ।

नेदरल्याण्ड्सका लागि आइरिस विलिङले दुई विकेट लिइन् भने कारोलिन डे लाङ र हिथर सिगर्सले समान एक-एक विकेट लिए । नेदरल्याण्ड्ससँग खेलेका तीनै खेलमा नेपाल पराजित भएको छ । पाँच खेलमा छ अंकका साथ नेदरल्याण्ड्स तालिकाको दोस्रो स्थानमा छ भने पाँच खेलमा अंकविहीन नेपाल तालिकाको अन्तिममा छ । अपराजित थाइल्याण्ड तालिकाको शीर्ष स्थानमा रहेको छ । सिरिजमा नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्डको सहभागिता रहेको छ । सबै टोली एकापसमा तीन खेल खेलेपछि तालिकाको शीर्ष स्थानमा रहने टोलीले उपाधि जित्नेछ ।


Tamankhola Rural Municipality

Office of the Rural Municipal Executive

Bongadovan, Baglung

Gandaki Province, Nepal

**Invitation for Electronic Bids**

First Publication Date: 2081/10/24 (B.S.)

Tamankhola Rural Municipality has allocated fund towards the procurement of below mentioned contracts. Bidding is open to all registered & eligible Nepalese Bidders.

| S. N. | Contract No. | Description | Bid Document Price (Non-refundable fee) (NRs.) | Bid Security Amount (NRs.) | Estimated Amount (Without VAT and Contingencies) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/TRM/ SQ/01/2081-82 | Puranogaun Sennama Sadak Esterbridhi | 1000.00 | 35,000.00 | 1,069,963.25 | |

1. Bidding will be conducted through the national competitive bidding procedures specified in the Public Procurement Act 2063 and regulation 2064.
2. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website *www.bolpatra.gov.np/egp* for further Information or may Contact Tamankhola Rural Municipality, Office of the Rural Municipal Executive Bongadovan, Baglung. Mobile: 9857681111, Email: ito.tamankholamun@gmail.com
3. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

# युएसएडले विश्वव्यापी कर्मचारीहरूलाई बिदामा राख्यो




**वासिङ्टन–** अमेरिकी सरकारको विशाल मानवीय निकाय युएसएआइडी (युएसएड) ले मंगलबार आफ्ना विदेशी पोस्टिङबाट कर्मचारीहरूलाई फिर्ता बोलाउने क्रममा अमेरिका र विश्वभरका आफ्ना कर्मचारीहरूलाई प्रशासनिक बिदामा राख्ने घोषणा गरेको छ ।

निकायले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा कर्मचारी बिदा फेब्रुअरी ७ को मध्यरातअघि सुरु हुने जनाएको छ । निकायको वेबसाइट सप्ताहन्तमा बन्द भएपछि मंगलबार पुनः देखापरेको थियो । प्रशासनिक बिदाले 'मिसन-क्रिटिकल कार्यहरू, मुख्य नेतृत्व र विशेष रूपमा तोकिएका कार्यक्रमहरूका लागि जिम्मेवार तोकिएका कर्मचारीहरूबाहेक सबै युएसएड प्रत्यक्ष नियुक्त कर्मचारीहरूलाई' प्रभावित गर्ने छ । 'तपाईंलाई सेवाका लागि धन्यवाद,' विज्ञप्तिमा भनिएको छ ।

यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका अर्बपति सहयोगी एलन मस्कको अमेरिकी सरकारलाई संकुचित गर्ने आमूल अभियानको एक हिस्सा हो । यसले वासिङ्टनलाई स्तब्ध पारेको छ र डेमोक्रेट तथा मानव अधिकार समुदायबाट आक्रोशपूर्ण विरोध निम्त्याएको छ । अमेरिकी विदेश नीतिको सहायता शाखा युएसएडले विश्वका सबैभन्दा गरिब क्षेत्रहरूसहित लगभग १२० देशमा स्वास्थ्य र आपत्कालीन कार्यक्रमहरूलाई आर्थिक सहयोग गर्दछ ।

मस्कको व्यापक व्यापारिक चासो रहेको चीनलगायत प्रतिद्वन्द्वीहरूसँगको प्रभावका लागि संघर्षमा यसलाई संयुक्त राज्य अमेरिकाका लागि 'सफ्ट पावर'को महत्त्वपूर्ण स्रोतका रूपमा हेरिन्छ । मस्कले युएसएडलाई 'अमेरिकालाई घृणा गर्ने चरम-वामपन्थी मार्क्सवादीहरूको सर्पको गुँड' भनेका छन् र यसलाई बन्द गर्ने प्रतीज्ञा गरेका छन् ।

मस्कले प्रमाणित नगरेका अन्य आलोचनामध्ये उनले युएसएडले 'दुष्ट सिआइए काम' गर्छ र यहाँसम्म कि 'जैविक हतियार अनुसन्धान, लाखौं मानिसको ज्यान लिएको कोभिड-१९ सहितलाई कोष प्रदान गर्दछ' भनी दाबी गरेका छन् । स्पेसएक्स र टेस्लाका सिइओ मस्कले राष्ट्रपतिसँगको अभूतपूर्व कदमलाई व्यक्तिगतरूपमा स्वीकृति दिएको बताए । मस्कको अमेरिकी सरकारसँग ठूलो सम्झौता छ र उनी ट्रम्पको अभियानका सबैभन्दा ठूला वित्तीय समर्थक हुन् ।

युएसएडमाथि भएको आक्रमण संयुक्त राज्य अमेरिकाले अमेरिकीहरूलाई बेवास्ता गर्दै विदेशीहरूमा पैसा बर्बाद गर्दछ भन्ने रिपब्लिकन पार्टीको कट्टर रूढीवादी र स्वतन्त्रतावादी शाखाहरूमा लामो समयदेखि चलिरहेको कथाको सन्दर्भमा आएको छ । युएसएडले आफूलाई 'हाम्रो सुरक्षा र समृद्धिलाई अघि बढाउँदै चरम गरिबी अन्त्य गर्न र लचिलो, प्रजातान्त्रिक समाजहरूको प्रवर्द्धन गर्न' काम गर्ने संस्थाको रूपमा वर्णन गर्दछ ।

डेटा उपलब्ध भएको सबैभन्दा हालैको वर्षका रूपमा रहेको सन् २०२३ सम्म कंग्रेसनल रिसर्च सर्भिसअनुसार युएसएडबाट सहायता प्राप्त गर्ने शीर्ष तीन देशहरू युक्रेन, इथियोपिया र जोर्डन थिए । सहायताका अन्य शीर्ष प्राप्तकर्ताहरूमा कंगो लोकतान्त्रिक गणतन्त्र, अफगानिस्तान, दक्षिण सुडान र सिरिया समावेश छन् ।

युएसएडको युक्रेनका लागि कोषको मात्रा उल्लेखनीय छ । अमेरिकी सरकारी तथ्यांकअनुसार युद्धग्रस्त युरोपेली देश युक्रेनले १६ अर्ब डलरभन्दा बढीको समष्टीगत आर्थिक सहयोग प्राप्त गरेको छ । सन् १९६१ मा स्थापित यस निकायको ४० अर्ब डलरभन्दा बढीको बजेट अमेरिकी सरकारको लगभग ७० खर्ब डलरको कूल वार्षिक खर्चमा सानो अंशमात्र हो । आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडी) का अनुसार संयुक्त राज्य अमेरिका विश्वको सबैभन्दा ठूलो आधिकारिक विकास सहायता प्रदायक हो । *रासस⁄एएफपी*

# स्विडेनमा गोलीकाण्डः १० जनाको मृत्यु




**स्टकहोम–** स्विडेनको एक शिक्षा केन्द्रमा एक बन्दुकधारीद्वारा गरिएको गोलीकाण्डमा १० जनाको मृत्यु भएको छ । प्रहरीले बुधबार घटनामा बन्दुकधारी पनि मरेको र कुनै उद्देश्य स्थापित नभएको बताएको छ ।

'हत्यारासहित ११ जनाको मृत्यु भएको छ,' स्विडेनका प्रधानमन्त्रीले देशको इतिहासको 'सबैभन्दा खराब सामूहिक गोलीकाण्ड' भनी वर्णन गरेको ओरेब्रो सहरमा मंगलबार भएको नरसंहारबारे प्रहरीले एएफपीलाई बतायो ।

स्विडेनमा विद्यालय आक्रमणहरू अपेक्षाकृत दुर्लभ छन् तर देशले प्रत्येक वर्ष दर्जनौं मानिसको ज्यान लिने गिरोह हिंसासँग सम्बन्धित गोलीकाण्ड र बम विष्फोटको सामना गरेको छ । धेरै स्विडेनी मिडियाले कालो पहिरन लगाएका बन्दुकधारीले वयस्क शिक्षा केन्द्र क्याम्पस रिसबर्गस्कामा आफैंमाथि गोली प्रहार गरेको बताएका छन् ।

प्रहरीले घाइतेहरूको संख्या वा उनीहरू कति गम्भीर छन् भन्ने बारेमा टिप्पणी गरेन तर दक्षिणी ओरेब्रो क्षेत्रले मंगलबार गोली लागी घाइते भएका छ जनालाई अस्पताल लगिएको बताएको छ । 'गोलीकाण्डको कारण अझै थाहा भएको छैन तर सबै संकेतहरूले अपराधीले एक्लै, वैचारिक उद्देश्यविना काम गरेको देखाउँछ,' ओरेब्रो प्रहरीले भन्यो । प्रहरीले मृतकको पहिचान वा उमेरका बारेमा न त तिनीहरू स्कुलका विद्यार्थी वा शिक्षक नै थिए कुनै जानकारी खुलासा गरेको छैन ।

यस्ता गोलीकाण्डहरू दुर्लभ भए पनि हालका वर्षहरूमा स्विडेनका विद्यालयहरूमा अन्य धेरै हिंसात्मक घटनाहरू भएका छन् । सन् २०२२ मार्चमा दक्षिणी सहर माल्मोमा रहेको माध्यमिक विद्यालयमा १८ वर्षीय विद्यार्थीले दुई शिक्षकको छुरा प्रहार गरी हत्या गरेका थिए ।

दुई महिनाअघि क्रिस्टियनस्टाडको सानो सहरको एक विद्यालयमा अर्को विद्यार्थी र एक शिक्षकलाई छुरीले घाइते बनाएको आरोपमा एक १६ वर्षीय किशोरलाई पक्राउ गरिएको थियो । सन् २०१५ अक्टोबरमा पश्चिमी सहर ट्रोलहट्टनको एउटा विद्यालयमा तरवार चलाउने आक्रमणकारीले गरेको जातीय आक्रमणमा तीन जनाको मृत्यु भएको थियो । उसलाई पछि प्रहरीले मारेको थियो । *रासस⁄एएफपी*

## वायु प्रदूषणले धूमपान नगर्नेहरूमा फोक्सोको क्यान्सर बढाउँदै : *अध्ययन*

**पेरिस–** मंगलबार प्रकाशित एक अध्ययनअनुसार वायु प्रदूषणले धूमपान नगर्नेहरूमा फोक्सोको क्यान्सरको सबैभन्दा सामान्य रूप बढाउँदै छ । यसले विशेषगरी महिला र दक्षिणपूर्वी एसियाका मानिसहरूलाई कडा असर गरिरहेको छ ।

फोक्सोको क्यान्सर यस रोगको सबैभन्दा सामान्य रूप हो । सन् २०२२ मा २५ लाख मानिसको निदान भएको विश्व क्यान्सर दिवसमा ल्यान्सेट रेस्पिरेटरी मेडिसिन जर्नलमा प्रकाशित अध्ययनले भनेको छ । तीमध्ये धेरैजसो पुरुष थिए तर महिलाहरूमा करिब १० लाख केसको बढ्दो हिस्सा थियो । चिनियाँ वित्त पोषित यस अध्ययनका लेखकहरूका अनुसार फोक्सोको क्यान्सरको एक प्रमुख उप-प्रकार (एडेनोकार्सिनोमा) १८५ देशमा महिलाहरूमा प्रमुख बनेको छ ।

'वायु प्रदूषणलाई एक महत्त्वपूर्ण कारक मान्न सकिन्छ जसले आंशिकरूपमा एडेनोकार्सिनोमाको उदाउँदो प्रबलतालाई व्याख्या गर्दछ, यो विश्वव्यापीरूपमा कहिल्यै धूमपान नगर्ने मानिसहरूमा फोक्सोको क्यान्सरको ५३-७० प्रतिशत मामिलाहरूका लागि जिम्मेवार छ,' अध्ययनले भन्यो । उनीहरूले यो सन् २०२० देखि २०२२ सम्म पुरुष र महिला दुवैमा बढेको पाएका छन् । यसमा महिलाहरूमा सबैभन्दा उच्च स्तर थियो जहाँ यो १० मध्ये छ वटा मामिलामा रहेको थियो । *रासस⁄एएफपी*


### युएइ/साउदी/कतारमा रोजगार

कम्पनी : AL MAERAJ GENERAL TRADING CO.LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 295971 | चलानी नं.६०२११०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 1 | 1 | 2100 | ७९,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bricklayer Assistant | 4 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 3 | Carpenter Assistant | 1 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 4 | Construction Carpenter | 5 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 5 | Electrician | 1 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 6 | Molding Maker/stone Mason/concrete Mason | 4 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 7 | Plumber Assistant | 4 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 8 | Wiring/domestic Electrician Assistant | 7 | 0 | 1200 | ४५,३२० | | | | | | | |

कम्पनी : Namq Company for Beverage Serving

पूर्व स्वीकृति मिति : २०८१/04/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 308054 | चलानी नं.६०२२२७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER BARISTA | 34 | 0 | 1600 | ५९,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : P Three Facility Management Services

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318239 | चलानी नं.६०२३२४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३८,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



### कुवेतमा रोजगार

कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318225 | चलानी नं. ६०२३२४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Assistant | 9 | 0 | 120 | ५३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Foreman | 1 | 0 | 200 | ८९,९९५ | | | | | | | |
| 3 | Electrical Helpers | 10 | 0 | 100 | ४४,९७५ | | | | | | | |
| 4 | Electrical Technicians | 22 | 0 | 130 | ५८,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २८ गते (11th Feb. 2025) मा हुनेछ ।
झापा, बिर्तामोड १, झापा ट्रेनिङ सेन्टरमा मितिः २०८१ माघ २९ गते (12th Feb. 2025) मा हुनेछ ।
सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८१ माघ ३० गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



### युएइमा रोजगार

कम्पनी : White And Blue Employment Upon Request Employees Provision Services - Sole Proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318260 | चलानी नं. ६०२३२४७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 38 | 0 | 1200 | ४५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labour | 39 | 0 | 900 | ३३,९९० | | | | | | | |
| 3 | Carpenter | 40 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 4 | Electrician | 7 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 5 | Painter | 20 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 6 | Plumber | 40 | 0 | 1200 | ४५,३२० | | | | | | | |
| 7 | Stone Mason Assistant | 16 | 0 | 1200 | ४५,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)**
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196


Karnali Province Government
**Ministry of Social Development**
**Education Development Directorate**
## Social Development Office (SDO)
**Jumla, Nepal**

## Letter of Intent (LOI)

Date of Publication: 2081/10/24 (2025/02/06)

**As per section 27(2) of Public Procurement Act, 2063** this is notify to all concerned bidders that, we are going to award following contracts as per IFB No: SDO/JUM/W/NCB/05/2081/082 Published in Annapurna Daily on 2081/07/06 (2024/10/22 AD) to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the Evaluation and Eligibility criterion as specified in Section –III of Bidding Documents.

| S.N. | Contract ID/ Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Price Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | SDO/JUM/W/NCB/05/2081/082, Construction of ACADEMIC II Block at Shree Ratnachudeshwar Secondary School Chandan nath 10 Bohoragau Jumla | **Shree Laxmi Nirman Sewa Jumla** | **59,83,390.43** |

**Office Chief**

## वेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना

प्रकाशित मितिः २०८१/१०/२४

यस कार्यालयबाट मिति २०८१/०८/२३ मा प्रथम पटक प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना बमोजिम देहाय बमोजिमको कार्यमा पर्न आएका तपशिलमा उल्लेखित बोलपत्रदाताहरूको बोलपत्रहरु यस नगरपालिकाको बोलपत्र मुल्यांकन समितिले सार्बजनिक खरिद ऐन २०६३,नियमावली २०६४ बमोजिम मुल्यांकन गरि सिफारिस गरे बमोजिम तपशिलमा उल्लेखित बोलपत्रदाताहरूले न्युनतम रूपमा कबोल गरेको बोलपत्र सारभूत रूपमा प्रभावाग्राही समेत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बंधित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का न | कामको विवरण | फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| 1. | **10/NCB/ RTW/ 2081/082** | Sunikhola Tatabandhan Uttar Dipak Dhanuk Ko Ghar Dekhi South Mahadev Awasthi ko Ghar Samma Tatabandha , Bedkot Municipality 05 | New Joshi Construction, Bheemdatt Municipality-02-Kanchanpur | रू. २७,७७,६८०.०७ (भ्याट र पी एस समेत) | |

प्रमुख प्रशासकीय अधिकृत


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501 | HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| १६६९०० | ० | १८७५ |



**मकैको थांग्रो** | संखुवासभाको मादी नगरपालिका-४ स्थित देव ढुंगामा जोहो गरेर राखेको मकैको थांग्रो। पछिल्लो समय मकैको थांग्रो लगाउने प्रचलन लोप हुँदै गएको छ। *तस्बिर: भविन कार्की/रासस*

# 'चिया निर्यातमा देखिएको समस्या हल गरिने छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली चियाको भारत निर्यातमा देखिएका समस्यालगायत चिया उद्योगलाई प्रवर्द्धन र प्रोत्साहन दिने विषयमा सक्दो पहल गर्ने विश्वास दिलाएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रादेशिक चिया समन्वय समिति, कोशीसहित झापा र इलामका चिया उत्पादक संघका प्रतिनिधिले दिएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले औपचारिक र अनौचारिक दुवै संयन्त्रबाट समस्याको समाधानमा पहल गर्ने बताएका हुन्।

उनले नेपाली चियाको उचित बजार प्रवर्द्धन र विस्तारमा ध्यान दिन उद्यमीलाई सुझाव दिए।

प्रादेशिक चिया समन्वय समितिका अध्यक्ष आदित्य पराजुलीले चिया निर्यातबाट वार्षिक रु छ अर्बको विदेशी मुद्रा स्वदेश भित्रिँदै आएकामा हाल भारत सरकारबाट



नेपाली चियालाई अनिवार्य भारतीय अक्सन (लिलामी प्रक्रिया) मार्फत मात्र आयात गर्ने नीतिगत व्यवस्था हुन लागेकाले यसबाट नेपाली उद्यगीलाई मार पर्ने विषयमा प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षण गराए।

ती संस्थाहरूले नेपालमै अक्सन (लिलामी प्रक्रिया) केन्द्र सञ्चालन, नेपाली चियालाई दिइने निर्यात अनुदान तत्कालन उपलब्ध गराउन र चिया बगान क्षेत्रमा सहज विद्युत आपूर्ति र महशुलको प्रबन्ध गरिनुपर्ने लगायत माग प्रधानमन्त्रीसमक्ष गरेका छन्।

अर्थसमिति अनुगमन

# भन्सार कार्यालय अस्तव्यस्त हुँदा चोरीपैठारी बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गतको अर्थसमितिले नेपालगञ्जदेखि वीरगञ्जसम्मका विभिन्न भन्सार कार्यालय तथा छोटी भन्सार कार्यालयको अस्तव्यस्तबता, खुला सिमाना, अन्तरनिकाय समन्वय अभावलगायतले चोरीपैठारी वृद्धि भएको निष्कर्ष निकालेको छ।

समितिका सभापति सन्तोष चालिसेको संयोजकत्वमा यही माघ ११ देखि १६ गतेसम्म विभिन्न भन्सार कार्यालयको अनुगमन गरिएको थियो। उक्त अनुगमनका क्रममा फेला परेका समस्याबारे समितिमा छलफल भएको छ।

छलफलका क्रममा सांसद पदम गिरीले भन्सार नाकाहरू अस्तव्यस्त हुँदा मुलुकले ठूलो राजस्व गुमाएको बताए। 'धेरैजसो भन्सारमा आवश्यक पूर्वाधार छैन। जाँचपास मेसिन नियोजित ढङ्गले बिगारिएका छन्। कर्मचारी, सुरक्षाकर्मी, भन्सार एजेन्ट, व्यापारीको मिलेमतो छ', गिरीले भने। सांसद गङ्गा कार्कीले भन्सार जाँचपास प्रक्रियामा प्रविधिको प्रयोग कमजोर रहेको बताए। 'भन्सारमा भएका प्रविधि प्रयोग गरिएको छैन। भन्सारलाई प्रविधिमैत्री बनाउन जरुरी छ', उनले भने।

सांसद रणकुमारी बलम्पाकी मगरले भन्सार 'यार्ड'हरूमा हजारौंको संख्यामा गाडी र मोटरसाइकल थन्किएर बसेको बताइन्।

सांसद जुलीकुमारी महतो (महासेठ)ले भन्सार कार्यालय प्रविधिको प्रयोगबिनै तजबिजीमा चल्ने गरेको बताइन्। एकीकृत जाँचचौकी निर्माण तथा व्यवस्थापनको जिम्मा अरु देशलाई दिइँदा त्यसले सुरक्षा संवेदनशीलतामा गम्भीर प्रश्न देखिएको धारणा सांसद नारायणी शर्माले राखिन्। भैरहवाको एकीकृत जाँचचौकीमा स्थानीय र केन्द्र सरकारबीच विवाद देखिएको उनको भनाइ छ। दशजगा क्षेत्रमा भारतीय पक्षबाट सीमा मिचिएको विषय उनले समितिमा उठाइन्।

सांसद अञ्जली श्रेष्ठले भन्सार कार्यालयका कर्मचारीहरूले जानाजान मेसिन बिगार्ने गरेको अनुगमनका क्रममा भेटिएको बताइन्। अर्का सांसद सूर्यबहादुर थापा क्षेत्रीले भन्सार प्रशासनमा पहिलेको तुलनामा केही सुधार देखिए पनि अझै समस्या रहेको बताए। 'क्वारेन्टाइनको अवस्था हेर्दा खसीबोका, राँगा, भैंसी, कुखुरा केही पनि आयात भएको देखिँदैन। क्वारेन्टाइन अफिसहरू चलेकै छैनन्', उनले भने।

सांसद अम्मरबहादुर रायमाझीले सीमानाकामा खटिने सुरक्षाकर्मीको संख्या कम रहेको बताए। अर्का सांसद छिरिङ डम्डुल लामा भोटेले भन्सार प्रणालीभन्दा बाहिरबाट बढी सामान नेपाल भित्रिरहेको बताए।

सांसद नारायणप्रसाद आचार्यले भन्सारमा ठूलो समस्या रहे पनि त्यसलाई समाधान गर्न माथिल्लोदेखि तल्लो तहसम्मले हेलचेक्र्याइँ गर्ने गरेको बताए। सांसद ज्ञानेन्द्रबहादुर कार्कीले भन्सारका कर्मचारीले असल नियतले काम गर्दैनन् भन्ने भाष्य बनाइनु गलत रहेको बताउँदै यसलाई थप सुधार गर्नुपर्नेतर्फ ध्यान जान आवश्यक रहेको बताए। सीमा क्षेत्रका नागरिकले भोगिरहेको समस्या समाधान गर्नुपर्ने, नेपालमा भारतीय नागरिकले बोक्न मिल्ने नगद रकम रू २५ हजारबाट बढाइनुपर्नेलगायत सुझाव उनले दिए।

# ललितपुरका पत्रकारलाई पोलिगन क्याम्पसमा छुट

■ प्रभाव संवाददाता

**ललितपुर–** स्नातकोत्तर तहको अध्ययन गर्ने ललितपुरका पत्रकारलाई पोलिगन क्याम्पसमा पचास प्रतिशत छुट हुने भएको छ। बागमती गाउँपालिकाको सहकार्यमा नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखाले आयोजना गरेको खोजी पत्रकारिता तालिमका अवसरमा क्याम्पस प्रमुख अबिरल थापा र महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन्।



महासंघ ललितपुर शाखा र क्याम्पसबीच बुधबार भएको सम्झौताअनुसार तीन लाख पाँच सय रूपैयाँ लाग्ने स्नातकोत्तर तहको अध्ययनका लागि एक लाख पचास हजार रूपैयाँ छुट प्राप्त गर्नेछन्। तीन बर्षसम्म लागू हुने यो सम्झौता पत्र अनुसार महासंघले प्रत्येक बर्ष पाँच जना पत्रकारलाई सिफारिस गर्न सक्ने पोलिगन क्याम्पसका प्रमुख अविरल थापाले जानकारी गराए।

सम्झौता पत्रमा हस्ताक्षर पश्चात मन्तव्य राख्दै क्याम्पस प्रमुख थापाले पत्रकारितामा झुटो र प्रायोजित समाचार नलेख्न कसरी सचेतना जगाउनुपर्ने आवश्यकता रहेको बताए।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर २०१० देखि स्नातकोत्तर तहको पत्रकारिताको पढाइ सञ्चालन गरिरहेको क्याम्पसले अनलाइन तथा भौतिक माध्यमबाट कक्षा सञ्चालन गरिरहेको क्याम्पस प्रमुख थापाले जानकारी गराए। खोजी पत्रकारिता तालिमको उद्घाटनका अवसरमा मन्तव्य राख्दै बागमती गाउँपालिकाका अध्यक्ष बीरबहादुर लोप्चनले पत्रकारहरूलाई स्वच्छ र तथ्यपूर्ण पत्रकारितामा लाग्न आग्रह गरे। उनले यो तालिमले पत्रकारितामा नयाँ उत्साह प्रदान गर्ने विश्वास व्यक्त गरे।

त्यस्तै, अग्रज पत्रकार लक्ष्मणबहादुर बिष्टले उत्कृष्ट पत्रकारिता गर्ने एक महिला र एक पुरुष पत्रकारलाई सम्मान गर्नका लागि अक्षय कोष स्थापना गर्न महासंघ ललितपुर शाखालाई १ लाख रूपैयाँ दिने घोषणा गरेका छन्। अक्षयकोषमा राखिएको रकमको व्याजबाट प्रत्येक बर्ष उत्कृष्ट पत्रकारलाई पुरस्कार प्रदान गर्न सकिने उनले बताए।

# नवलपुरमा नौ करोडको सुन्तला उत्पादन

■ प्रभाव संवाददाता

**नवलपुर (नवलपरासी)–** यस वर्ष नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा रु नौ करोड बराबरको सुन्तला उत्पादन भएको छ। जिल्लामा सुन्तला लगाउने क्षेत्रफल बढेसँगै गत वर्षभन्दा उत्पादनमा वृद्धि भएको हो।

कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले गत वर्ष रु सात करोड १८ लाखको सुन्तला उत्पादन भएको बताए। जिल्लाको पहाडी क्षेत्रमा अमिला जातका फलफूलको जोन लागू भएपछि सुन्तला खेती गर्ने किसान र खेती गरिने क्षेत्रफलमा वृद्धि भएको उनको भनाइ छ।

गत वर्ष कूल दुई सय २६ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएकामा एक



सय ४१ हेक्टर क्षेत्रफलबाट मात्रै आम्दानी लिन थालिएको थियो। 'अघिल्लो वर्ष जिल्लामा एक हजार दुई सय २७ मेट्रिक टन मात्रै सुन्तला उत्पादन भएकोमा यस वर्ष एक हजार चार सय १४ मेट्रिक टन सुन्तला उत्पादन भएको छ', सूचना अधिकारी काफ्लेले भने, 'यस वर्ष जिल्लामा सुन्तला खेतीको क्षेत्रफल बढेर दुई सय ५६ हेक्टर पुगेकामा एक सय ६१ हेक्टरमा सुन्तला उत्पादन हुन थालेको छ।' जिल्लामा बर्सेनि सुन्तला उत्पादन हुने क्षेत्रफल वृद्धि हुँदै गइरहेको छ।

'जोन लागू भएपछि किसानले बिरुवामा अनुदानसहित यान्त्रिक तथा प्राविधिक सहयोग पाउने गरेका छन्', उनले भने, 'यसै कारण पहाडी क्षेत्रमा अन्य खेतीबाट खासै उत्पादन नहुने भएकाले किसानहरू सुन्तला खेतीतर्फ आकर्षित भएका हुन्।' जिल्लाको बौदिकाली र बुलिङटार गाउँपापलिका तथा गैंडाकोट नगरपालिकाको वडा नम्बर १८ मा व्यावसायिक रूपमा सुन्तला खेती गरिँदै आएको छ। जिल्लामा तीन हजार दुई सय किसानले सुन्तला खेती गर्दै आएका सूचना अधिकारी काफ्लेले बताए।

# नेप्सेमा सामान्य अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ। नेप्से परिसूचक चार दशमलव ४५ अंकले घटेर दुई हजार सात सय ११ दशमलव ४५ को बिन्दुमा कायम भएको हो।

तीन सय नौ कम्पनीको एक करोड ९१ लाख ८१ हजार चार सय १४ कित्ता शेयर ९० हजार सात सय ५२ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ९५ करोड ८० लाख सात हजारको कारोबार भएको छ। आजको कारोबारमा उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र छ्याङदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

नेपाल रिइन्स्योरेन्क कम्पनी लिमिटेडको आज सबैभन्दा बढी रू ३३ करोड ७६ लाख ३९ हजारको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी सनराइज फोकस्ड इक्विटी फण्डको आठ लाख नौ हजार एक सय ९० कित्ता शेयर किनबेच भएको छ।

**नेपाल चलचित्र कलाकार संघको २० औं साधारण सभा सम्बन्धी सूचना !!**

नेपाल चलचित्र कलाकार संघको मिति २०८१ पौष १९ गते बसेको कार्यकारिणी समितिको बैठकले संघको विधान वमोजिम २०८१ चैत्र ४ गते संघको वार्षिक साधारण सभा बोलाउने निर्णय भएकोले संघका सम्पूर्ण सदस्यज्यूहरूलाई निम्न मिति, स्थान र समयमा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै नविकरण नगर्नु भएका सदस्यज्यूहरूलाई सदस्यता नविकरणका लागि पनि यसै सुचना मार्फत जानकारी गराईन्छ।

**साधारण सभाका विषय र प्रस्तावः**
१) अध्यक्ष, महासचिव र कोषाध्यक्षको वार्षिक प्रतिवेदन
२) अडिटर नियुक्ती
स्थानः लिसारा रिसेप्सन (Lisara Receptions), भगवती बाहल, नक्साल।
मितिः २०८१ साल चैत्र ४ गते।
समयः दिनको ११:०० बजे।

सबिन श्रेष्ठ
महासचिव
नेपाल चलचित्र कलाकार संघ

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ